**सम्माननीय पूर्व प्रधानन्यायाधीश सुशिला कार्कीले एम्नेस्टी नेपालको २६औं वार्षिक साधारणसभाको उद्घाटन कार्यक्रममा दिनुभएको मन्तव्य**




छब्बीसौं साधारण सभाका अध्यक्ष एम्नेस्टी नेपालका अध्यक्ष राजनप्रसाद कुईंकेलज्यू, डायसमा रहनुभएका आदरणीय अतिथिगणहरू, एम्नेस्टी इन्टरनेसनल नेपालका पूर्व अध्यक्षज्यूहरू, सल्लाहकार ज्यूहरू, विभिन्न संघ संगठनहरूबाट आउनुभएका प्रतिनिधिज्यूहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरू, - and I would like to address Jerry Bernas, Regional Capacity Building Officer, of Amnesty International, र उपस्थित हुनुभएका पत्रकार महोदयहरू, तथा अन्य प्रतिनिधिज्यूहरू ,

सन् १९६१ मा स्थापित भएको एम्नेस्टी इन्टरनेसनलको यति विकास हुँदै गयो की अब अहिले ७० लाख सदस्य र सहयोगीहरू यो संस्थासँग आबद्ध रहेका छन् । नेपालले पनि धेरै अघि, ५० औं वर्षपूव यो संस्थालाई अपनायो । अघि अध्यक्षज्यूले आफ्नो भाषणको क्रममा यसलाई प्रादुर्भाव गर्ने को को व्यक्तित्वहरू हुनुहुन्थ्यो भनेर अभिव्यक्त गरिसक्नुभएको छ । र सन् १९८७ मा म पनि यसको मेम्बर रहेँछु । केही वर्षसम्म मैले पनि यस संस्थामा रहेर काम गरेँ । त्यसको अझ ३-४ वर्ष अगाडि म “मानवअधिकार सङ्गठन”मा पनि थिएँ । त्यसपछि ३० वर्ष भएछ अहिले एम्नेस्टी इन्टरनेसनलको सदस्य भएको । यति ठूलो ग्रुप (समूह) चाहीँ थिएन त्यतिखेर । म विराटनगरवासी हुँ , तर विराटनगरमा यो ग्रुप थिएन । यसको क्रियाकलापको लागि हामीहरू काठमाडौँ नै आउनुपर्दथ्यो । त्यतिखेर नुतन थपलिया दाईले बहुत मेहनत गर्नुभाथ्यो, र आज यो संस्था झाङ्गिएर यति वृहत भएको र ७१ वटा ग्रुप नेपालभरीमा स्थापित भएको थाहा पाउँदा ज्यादै खुशी लागेको छ ।

र, यो यस्तो संस्था हो - अहिले त म पछिबाट भनौंला, जुन ज्यादै ब्यापक भएछ । मैले विवरण पुस्तिकाहरू हेरेँ, कार्यक्षेत्रहरू पनि ज्यादै व्यापक भएछ । पहिले हामीले काम गरेको अवस्थामा खालि के थियो भने यो देशमा भएको प्रतिनिधिहरूले अर्को देशमा मानवअधिकार उल्लङ्घन भएको अवस्थामा चिठ्ठी लेख्ने र विभिन्न कार्यक्रमहरूबाट सजग गराउने भन्ने थियो । नेपालमा कृष्णप्रसाद भट्टराईज्यू आस्थाको बन्दीको रूपमा घोषित हुनुभयो र लाखौं, हजारौं चिठ्ठीहरू आएपछि वहाँलाई मुक्ति दिइएको थियो थुनाबाट । त्यो एउटा चाँहि बडो स्मरणीय घटना हो ।

राजनीतिक सिद्धान्तको आधारमा प्रताडित हुनुपर्ने, धार्मिक स्वतन्त्रताको माग गर्दा प्रताडित हुनुपर्ने, र मानवअधिकारको माग गर्दा प्रताडित हुनुपर्ने, शरणार्थीहरूको रूपमा अन्याय भोग्नुपर्ने, जस्ता कुराहरूको चैं एम्नेस्टी इन्टरनेसनलले विरोध गर्छ, मृत्यु दण्ड र यातनाको विरुद्ध पनि यसले काम गर्दै आएको छ, र त्यसको अतिरिक्त बेपत्ता भएकाहरूका लागि पनि यस संस्थाले काम गर्छ । विशेषतः यो संस्था के हो भन्नेबारेमा अघि पनि कुरा खोलिइसकेको छ, एम्नेस्टी इन्टरनेसनलले आफ्नो मुलुकभित्रभन्दा बाहिरको लागि चेतना जगाउँछ, चिट्ठी लेखेर या कुनै चेतनामूलक काम-कारबाहीबाट । तर मलाई अहिले खुशी लाग्यो एम्नेस्टी इन्टरनेसनलबाट मैले मुलुकभित्रै पनि धेरै काम भएको हेर्न पाएँ ।

आफ्नो साँढे-आठ वर्षसम्मको प्रधानन्यायाधीश र न्यायाधीशको कार्यकाल बिताउँदा अन्य कुनै संस्थासँग आबद्ध हुन नपाइने भएको हुनाले त्यसतर्फ मेरो ध्यान गएन कहिले पनि । त्योभन्दा पूर्व मात्र हामी यसमा सहभागी भयौं । अहिले हेर्दाखेरी मलाई साह्रै खुशी लागेको कुरा के हो भने, यहाँ एम्नेस्टी इन्टरनेसनलका जति पनि मित्रहरू हुनुहुन्छ, उहाँहरूले *'मेरो शरीर मेरो अधिकार'* भन्ने एम्नेस्टी इन्टरनेसनलको जुन कार्यक्रम छ - यो सन् २०१४ देखि २०१६ को बीचमा अभियान चलाइएको रहेछ - त्यो अभियानलाई यहाँ पनि चलाउनु भएको रहेछ । त्यसमा प्रजनन्सम्बन्धी अधिकार, यौनिकसम्बन्धी अधिकारलाई वहाँहरूले लिनुभएको रहेछ । त्यसको अतिरिक्त यो पाठेघरसम्बन्धी जुन् समस्या छ, नेपालको सुदूरपश्चिममा विशेषतः छ लाख महिला पिडित छन् भन्ने छ, त्यसको विरुद्धमा पनि वहाँहरूले अभियान चलाउनु भएको रहेछ । यो एउटा खुशीको कुरा पनि हो । त्यसपछि आप्रवासी श्रमिकहरूको विषयमा पनि वहाँहरूले अभियान चलाउनु भएको रहेछ । एम्नेस्टी इन्टरनेसनलले यस्ता यस्ता अभियानका साथसाथै अनुसन्धान चाहिँ आफ्नै देशभित्र पनि गर्न पाउने सहुलियत दिएको हुनाले हाम्रो जति पनि आप्रावासी भएर वैदेशिक रोजगारमा काम गर्नेहरू, के कति चाहिँ अरबमा काम गर्न जाँदा पीडित भएका छन्, उनीहरूको बारेमा पनि २०७२ देखि २०७३ सम्म लामो अभियान गरेर त्यस सम्बन्धमा पनि वहाँहरूले चेतना जगाउने र बेला बेला यसक्षेत्रमा भइरहेका ठगी, शोषण र ज्यादतीविरुद्ध वकालत गर्ने तथा कारबाहीको माग गर्ने कामहरू पनि गर्नुभएको रहेछ । हाम्रो नेपालमा जुन २०५२ देखि २०६३ सम्म द्वन्दकाल थियो त्यो बेला बेपत्ता भएकाहरूका बारेमा पनि तीनका अधिकारहरू स्थापित गर्ने, तीनका परिवारहरू, तीनका आफन्तहरूको सत्य, न्याय र परिपूरणको अधिकारको कुरालाई पनि वहाँहरूले अगाडी बढाउनुभएको रहेछ, र यसमा पनि वहाँहरूले बल गरेर सहयोग गर्नुभएको रहेछ । र दण्डहीनताको बारेमा पनि वहाँहरूले सजग गराउने र यस सम्बन्धमा अभियान चलाउनु भएको रहेछ । अन्तराष्ट्रिय न्याय दिवस पनि मनाउँदै आउनुभएको रहेछ । मानवअधिकारको संरक्षणमा ठूलो सहयोग गरेर आएको, भन्नाले हाम्रो बेलामा चाहिँ - जुन बेलामा हामी थियौं, यी सब कुराहरू थिएन, अहिले आएर एम्नेस्टी इन्टरनेसनलले देशैभित्रका समस्याहरूको सम्बन्धमा पनि चासो राखेर अभियानको रूपमा लाग्नुभएको र अन्य मुलुकमा भएका घटनाहरूका सम्बन्धमा पनि अभियानहरू चलाउँदै आउनुभएको रहेछ । यो ज्यादै ठूलो कुरा हो ।

सबभन्दा ठूलो कुरो चाँहि के छ भने अहिले सङ्ख्या यहाँ हाम्रो बढेको छ - ७१ वटा समूह भएछ । ७१ वटा समूहले मुलुकमा सजग भएर काम गर्दाखेरी मुलुकमा केही न केहि उपलब्धिहरू हुन्छ, निश्चय नै हो । अघि पनि वक्ताहरूबाट आइसकेको छ - यो संसारमा कस्तो हुँदो रहेछ भने सत्ता प्राप्ति नगरुन्जेलसम्म *एउटा भाषा* हुन्छ । अघि हाम्रो पुरुषोत्तम दाहालज्यूले पनि भन्नुभयो, सत्ता प्राप्ति भएपछि बोली नै फेरिन्छ । संसारभरी कहीं न कहीं मानवअधिकारलाई, व्यक्तिका अधिकारहरूलाई मिच्ने, र हिंसा गर्ने, एकले अर्कोमाथि, एउटा समूहले अर्को समूहमाथि अन्याय गर्ने कुरा त कुनै पनि शताब्दीमा कुनै पनि वर्षमा कुनै पनि दिनमा संसारमा छुट्दैन । यो राम-राज्यको जुन् हामी कल्पना गर्छौं, त्यो संसारमा कहिल्यैपनि भएको देखिँदैन । कहिले एउटा भूमिमा त्यस किसिमको अन्याय र मानवअधिकारको उल्लङ्घन र बल प्रयोग भएको देखें भने; कहिले एसियामा देखिएको छ, कहिले युरोपमा देखिन्छ, एकले अर्को समूहलाई मिच्ने, एउटा वर्गले अर्को वर्गमाथि अन्याय गर्ने, एउटा शासकले अर्को शासकको अन्त्य गर्ने, अनि अर्को कुरा चाहिँ के भने - एउटा जातले अर्को जातलाई विलुप्त गराउने, लोप गराउने, मासिदिने, यस्तो प्रक्रियाहरू भइरहन्छ । त्यसो भएको हुनाले, यो संस्थाचैं, मेरो दृष्टिकोणमा, जहिल्यैपनि जीवित रहनुपर्छ, जीवन्त भएर

यसले काम गर्नुपर्छ, लागिरहनुपर्छ । कुनै दिन हाम्रै मुलुकमा कहिले द्वन्द्व भयो, कहिले कुनै तानाशाहले मिच्ने काम भयो ।

वास्तवमा एक प्रकारले हेर्ने हो भने, मेरो पालामा, अथवा मभन्दा अघि, एम्नेस्टी इन्टरनेसनलको जन्म किन भयो भन्दा पंचायत कालमा जुन् किसिमको तानाशाही व्यवहारहरू भएको थियो, मानवअधिकारलाई मिच्ने कामहरू भएको थियो, त्यो बेलामा एउटा कभर (cover) को रूपमा सुरक्षाको निम्तिपनि हाम्रो मुलुकले अर्को मुलुकको अन्यायमाथि बोल्दा त्यो मुलुकले हामीमाथि पनि बोल्छ भन्ने हिसाबले एउटा प्रोटेक्सन (protection) को रूपमा यो संस्था आयो । मेरै बेलामा मैले कयौं त्यस्तो घटनाहरू, वारदातहरू (किनभने जुनबेला म वकालत गर्थें, मैले देखेका वारदातहरू) मैले चिठ्ठी लेखेर पठाउँथें, पछि त्यो न्युजलेटर (Newsletter) हरूमा आउँथ्यो । त्यसले गर्दाखेरी के हुन्थ्यो भने यहाँ अन्याय हुँदो रहेछ भन्ने कुरा संसारले जानकारी पाउन सक्थ्यो । त्यसैले त्यो एउटा प्रोटेक्सन (protection), एउटा सुरक्षाको कुरो रहेको थियो ।

अहिले जुन् किसिमबाट ७१ वटा समूहहरू र यत्रा हाम्रा दाजुभाईहरू, हाम्रा दिदीबहिनीहरू ठाउँ-ठाउँ, गाउँ-गाउँमा लाग्नुभएको छ, यो चैं वास्तवमा एउटा सुरक्षा कवज हो । यो बलियो सुरक्षा कवज हो । यस किसिमको एउटा एकता लिएर, यस किसिमको आफूबीचमा हामीहरू एक हुदाँ के लाभ हुन्छ भने हामीले बुझ्नेछौंकी “भोलि आउने वा हुने कुरा अहिले आउँदैन वा हुन्न भन्न सकिन्न, आज प्रजातन्त्र छ, भोलि प्रजातन्त्र पाएपछि मुलुक राम-राज्य हुन्छ भनेर कल्पना गर्न हुँदैन, गर्न मिल्दैन । कुनै पनि बेला केहि पनि हुनसक्छ ।” त्यसको लागि एम्नेस्टी इन्टरनेसनलका जतिपनि प्रतिनिधी वा सदस्यहरू हुनुहुन्छ, सहयोगीहरू हुनुहुन्छ, वहाँहरूले एउटा पहरा जस्तो भएर संरक्षण गर्ने हिसाबबाट, आवाज उठाउने हिसाबबाट, भोलि शसक्त आवाज उठाउनको निम्ति तपाईंहरूले आफूलाई परिमार्जित गरेर राख्न सक्नुपर्दछ र अन्तर्राष्ट्रिय स्तरमा पनि सम्पर्क गरिरहन सक्नुपर्दछ । यो बहुत राम्रो हो ।

चार महिना मात्र भएको छ म न्यायलयबाट बाहिर आएको । मलाई अध्यक्षज्यूले अनुरोध गर्नुभयो, त्यो पनि महेन्द्रनगर जस्तो ठाउँमा, पश्चिममा यो कार्यक्रम राख्नुभयो । यहाँहरू पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका भेला भएर यसमा मन्थन गर्नहुनेछ, राम्रा कुरा ल्याउनहुनेछ, र नौला नौला कुराहरू उठाउनहुनेछ भन्ने मलाई आशा लागेको छ । यति भन्दै म बिदा हुन चाहन्छु, र साथै यो छब्बीसौं साधारण सभा सफल होस् भन्ने मेरो कामना छ । धन्यवाद ।